# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (२) फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, मंसिर ७ गते, २०७५ साल, संख्या ५

## भाग —२

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५

**प्रस्तावना**

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी-२००६
(Convention on the Rightsof Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र बितरण कार्यविधि बनाउन वाञ्छनीय भएकोले, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ अनुसार यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ (पहिलो संशोधन २०७५ समेत) सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले नगरपालिका सम्झनुपर्दछ ।

(घ) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) "समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (पहिलो संशोधन २०७५) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य, मापदण्ड

३. उद्देश्य : यस कार्यविधिको उद्देश्य  देहाय बमोजिम रहेका छन् ।

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नगारिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न र स्थानीय तहदेखि नै विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको वर्गीकृत लगत राख्न सहज तुल्याउने ।

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी २००६ ९ऋचए्म०मा नेपाल सरकाले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपाङ्गताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकीकरण गर्न सहयोग गर्ने ।

४. परिचय-पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन् :

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपाङ्गतालाई बर्गीकरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भीर्यता आधारमा गरिएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समुहका परिचय-पत्र वितरण गरिनेछ :

**(क) पूर्ण अशक्त अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'क' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ । जुन ..................

१. व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीब्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीब्र रुपमा प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरु,

३. दुई वा सो भन्दा बढी प्रकृतिका शारीरिक, मानसिक, वा इन्द्रिय सम्बन्धी क्षती भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

४. निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(ख) अति अशक्त अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ख' वर्गको परिचय-पत्र उपलब्ध गराइनेछ । ......................................

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षती वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिंडडुल र सञ्चार गर्न कठिनाई हुने व्यक्तिहरु,

२. मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्वीलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

३. दुबै हात कुमदेखि वा पाखुरादेखि मुनि पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुबै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुबै गोडा पूर्ण क्रियाशिल नभई बैशाखीको प्रयोग गर्ने व्यक्तिहरु,

४. दृष्टिविहीन र पूर्ण दृष्टिविहीनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु,

५. सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौदिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरु ।

**(ग) मध्यम अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ग' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ । ..........................

१. कृतिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगबाट सामान्य हिँडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने ,

२. विभिन्न कारणले घुडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्न सक्ने,

३. कुम वा पाखुरा भन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

४. दुबै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बुढी औंला र चोरी औंला गुमाएका,

५. दुबै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिँडडुल गर्न सक्ने,

६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको ।

७. सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने अपाङ्गता र अटिजम भएका व्यक्तिहरु,

८. श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुस्त श्रवण व्यक्तिहरु,

९. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,

१०. ओठ तालु फाटेको कारण बोली अष्पष्ट भएका व्यक्तिहरु,

११. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्‍याउने समस्या तीब्र भएका भकभके व्यक्तिहरु,

१२. तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरु,

१३. चश्मा र श्रवणयन्त्र दुबै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,

१४. अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भइ दैनिक हिँडडुलमा कठिनाई हुने व्यक्तिहरु,

१५. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(घ) सामान्य अपाङ्गता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'घ' वर्गको परिचयपत्र उपलब्ध गराईनेछ । जुन सेतो पृष्ठभूमिमा उपलब्ध गराइनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम् सम्पादन गर्न सक्ने,

२. हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बुढी औला र चोरी औला गुमाएका वा दुबै हातको हत्केलामुनिका कम्तीमा बुढी औंला र चोरी औंला भएका व्यक्तिहरु,

३. ठूला अक्षरहरु पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,

४. दुबै गोडाको सबै औलाका भागहरु नभएका,

५. श्रवणयन्त्र लगाई ठूलो आवज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु ।

## परिच्छेद ३

## परिचय पत्र ढाँचा

५. अपाङ्गता भएका व्यत्तिहरुको परिचय पत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।

परिचय-पत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुनेगरी नागरिकताको प्रमाण-पत्रको ढाँचामा यस कार्यविधिको अनुसुची २ बमोजिम एकापट्टि नेपाली भाषामा र अर्कापट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय-पत्र गाम्भीर्यता आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक रङ्गमा उपलब्ध गराइनेछ ।

६. समन्वय समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१)अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय-पत्र वितरण गर्ने समेत कार्यका लागि नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :

(क) नगरपालिकाको उपप्रमुख

(ख) नगरपालिकाको महिला सदस्य मध्येबाट नगरपालिकाले तोकेको महिला सदस्य
-सदस्य

(ग) नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोतव्यक्ति मध्येबाट नगर पालिकाको प्रमुखले तोकेका व्यक्ति
-सदस्य

(घ) नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक -सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख
-सदस्य

(च)अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट नगरपालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि
-सदस्य

(छ) नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना
सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख
-सदस्य

(झ) नगरपालिकाको उपप्रमुखले तोकेको नगरपालिकाको कर्मचारी
-सदस्य

२. स्थानीय समन्वय समितिले अपाङ्गता परिचय पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय-पत्र सम्बन्धी कानुनी, संरचनागत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखी पठाउनु पर्दछ ।

## परिच्छेद-४

## परिचय-पत्र वितरण

७. परिचय-पत्र वितरण प्रक्रिया देहाय बमोजिमको हुनेछ ।

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसुची १ बमोजिमको ढाँचामा परिचय-पत्र प्राप्तीका लागि सबै पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी, पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको) फोटो, अशक्तताको गाम्भीर्यता अवस्था र शरीरका अङ्गहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण–पत्र वा नागरिकताको प्रमाण-पत्र वा जग्गा धनी प्रमाण पूर्जा वा शैक्षिक योग्यताको प्रमाण-पत्र वा मतदाता परिचय–पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाणपत्र वा जि.प्र.का. मा दर्ता भएका अपाङ्गता सम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ ।

(ग) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखी वडा कार्यालयको सिफारिस सहित एक प्रति नगरपालिकामा पठाउनु पर्नेछ ।

(घ) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचय पत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोराको निवेदकलाई ३ तीन दिनभित्रमा जानकारी दिनुपर्दछ ।

(ङ) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सुचना पाएको १५ दिनभित्रमा सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिन सक्नेछ ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको बैठकमा पेश गर्नु पर्दछ । निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनी स्थानीय समन्वय समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयमा समेत दिनु पर्नेछ ।

(छ) परिचयपत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसंग राय परामर्श लिन सक्नेछ ।

(ज) समान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनु पर्दछ । अति अशक्त वा पूर्ण अशक्त अपाङ्गता भएको कारणले परिचयपत्र बुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोबास गर्ने स्थानीय निकायका पदाधिकारीले निजलाई बुझाउने गरी बुझिलिन सक्नेछन् ।

(झ) परिचय-पत्र प्राप्त व्यक्तिहरुको वर्गीकृत लगत स्थानीय तहले कम्प्युटराइज्ड गरी आफ्नो कार्यालयमा राखी चौमासिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ञ) समन्वय समितिले परिचय-पत्र दिन भनी ठहर गरेका व्यक्तिलाई स्थानीय तहको कार्यालयले अनुसुची २ बमोजिमको परिचय-पत्र (अपाङ्गता भएका व्यक्तिहरुलाई) निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ट) परिचय पत्रमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानुनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ठ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतीको हकमा परिचय-पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय-पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ड) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षती भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचय-पत्र वितरण गर्नु पर्नेछ ।

८. अन्य स्थानीय तहबाट परिचय-पत्र वितरण गर्ने :

स्थानीय ठेगानामा बसोबास नभएका र विभिन्न अवरोध तथा शारीरिक, मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थायी बसोबास भएको जिल्लामा गई अपाङ्गता परिचय-पत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी बसोबास भएका स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय-पत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

९. प्रतिलिपि सम्बन्धी व्यवस्था :

(१) परिचय-पत्र हराई, नासिइ वा बिग्रिइ परिचय-पत्रको प्रतिलिपि लिनुपर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ ।

(२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचय-पत्रको प्रतिलिपि उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपी वडा कार्यालयमा राखी निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरी नगरपालिका स्थानीय तहमा पठाउनु पर्दछ ।

(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृति अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ ।

(४) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचय-पत्र बाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय-पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ

१०. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।

११. अभिलेखीकरण  सम्बन्धी व्यवस्था :

(१) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचय-पत्र पाएका व्यक्तिहरुको अपाङ्गताको प्रकृति र गाम्भीर्यता लगायत

अन्य आवश्यक विवरण खुल्नेगरी नियमित रुपमा अध्यावधिक गरी त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा आफ्नो नगरपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पठाउनु पर्नेछ ।

२. स्थानीय तहले परिचय-पत्र वितरण गरेपछि यसको जानकारी परिचय-पत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयलाई दिनु पर्दछ ।

३. नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता परिचय-पत्र पाएका व्यक्तिहरुको अभिलेख राखी त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने छ ।

## परिच्छेद-५

## विविध

१२. विविध :

(१) सबै स्थानीय तहले आ-आ-आफ्नो क्षेत्राधिकार भित्र रहेका बिकट तथा गाँउहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचय-पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन कम्तीमा बर्षको एक पटक ती ठाँउहरुमा परिचय-पत्र वितरण सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्नु पर्दछ ।

(२) यो कार्यविधि लागू हुनु अगाडि प्राप्त गरेको अपाङ्गता परिचय-पत्र सम्बन्धित नगरपालिका बुझाई यो कार्यविधि जारी भएको मितिले १ बर्षभित्रमा यस कार्यविधि बमोजिमको परिचयपत्र लिनुपर्नेछ । यस अघि जारी भएका परिचयपत्र एक बर्षपछि स्वतः मान्य हुने छैन ।

(३) यस कार्यविधि भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(४) अपाङ्ग परिचय-पत्र वितरण सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(५) अपाङ्ग परिचय-पत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछ ।

(६) अपाङ्ग परिचय-पत्र वितरण निर्देशिका, २०६५ खारेज गरिएको छ ।

## अनुसूची १
## अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

श्री कार्यालय प्रमुखज्यू

मार्फत................

.......................... गाँउपालिका/नगरपालिका

विषय :- अपाङ्गता भएका व्यक्तिको परिचय पाँउ ।

मिति :-

महोदय,

म अपाङ्गगता भएको व्यक्तिको परिचयपत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेश गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरे प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर : ............................... उमेर ....................लिङ्ग

२. प्रदेश :

३. ठेगाना :

क) स्थायी ठेगाना : ............... पालिका, वडा नं. .............टोल .............

ख) अस्थायी ठेगाना : पालिका, वडा नं. .............टोल .............

ग) सम्पर्क टेलिफोन वा मोवाईल नं.................................

४. संरक्षक/अभिभावकको नाम थर :.................................... निवेदकको नाता ......

५. संरक्षक/अभिभावकको टेलिफोन वा मोवाईल नं. ...................

६. नेपाल सरकारको परिभाषा र बर्गीकरण अनुसार अपाङ्गताको प्रकार : ..................

७. नेपाल सरकारको परिभाषा र बर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार..........................

८. शरीरको अंग संरचना र प्रणलिमा आएको क्षतिको विवरण

...............................................................................................................................

.......................................................

९. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमिततताको विवरण

...............................................................................................................................

...........................................................................................................................................

......................................

१०. अपाङ्गताको कारण उपर्युक्त स्थानमा चिनो लगाउनुस् ।

क) रोगको दीर्घ असर ख) दुर्घटना ग) जन्मजात

घ)सशस्त्र द्वन्द ङ) वंशानुगत कारण च) अन्य ............

११. सहायक सामाग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएको : उपर्युक्त स्थानमा चिनो लगाउनुहोस ।

क) भएको ख) नभएको

१२. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामाग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ।

...........................................................................................................................................

...............

१३. सहायक सामाग्री प्रयोग गर्ने गरेको /नगरेको ( उपर्युक्त स्थानमा चिनो लगाउनुहोस ।

क) गर्ने गरेको ख) गर्ने नगरेको

१४. सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नाम :- ...............

१५. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता काम दैनिक कार्य गर्न सक्नुहुन्छ ।

क) .................... ख)............................... ग).....................

घ) .................... ङ) ............................. च) .....................

१६. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ।

क) .................... ख)............................... ग).....................

घ) .................... ङ) ............................. च) .....................

१७. पछिल्लो शैक्षिक योग्यता

क) प्राथमिक तह ख) निम्न माध्यमिक तह ग) माध्यमिक तह घ) उच्च माध्यमिक तह

ङ) स्नातक तह च) स्नातकोत्तर तह छ) विद्यावारिधी तह

१८. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमको नाम लेख्नुहोस :

...........................................................................................................................................

...........................................................................................................................................

......................................१९. हालको पेशा :

क) अध्ययन ख) कृषि व्यवसाय ग) स्वरोजगार घ) सरकारी सेवा

ङ) निजी क्षेत्रमा सेवा च) केहि नगरेको छ) अन्य ..........

निवेदक

नामथर .......................

हस्ताक्षर.......................

मिति .........................

**अनुसूची २**
**अपाङ्गता भएका व्यक्तिको परिचयपत्रको ढाँचा**

**नेपाल सरकार**

निशाना छाप

............................................

**फोटो**

परिचयपत्र नं.

परिचयपत्रको प्रकार :

**<u>अपाङ्गता परिचय-पत्र</u>**

१) नाम,थर :

२) ठेगाना : प्रदेश ...................जिल्ला ................... स्थानिय तह ..........................

३) जन्ममिति :....................... ४) नागरिकता नं : ............................

५) लिङ्ग :....................  ६) रक्त समुह :................................

७) अपाङ्गताको किसिम : प्रकृतिको आधारमा :............................. गम्भीरता ....................

८) बाबु/आमा वा संरक्षकको नाम, थर :.....................................

९) परिचयपत्र बाहकको दस्तखत :-

१०) परिचय पत्र प्रमाणित गर्ने :-

नाम, थर :..........................

हस्ताक्षर :..........................

पद :.................................

मिति :.............................

**“यो परिचयपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानिय निकायमा बुझाईदिनु होला ”**

**Annex-2**

## Disability Identity Card Format

**The Government of Nepal**

**Stamp**

**..................................**

Photographs

ID card Number:
ID card Type:

## <u>Disability Identity Card</u>

1) Full Name of Person
2) Address: Province ..................District..................... Local Level
3) Date of Birth ........................... 4) Citizenship Number: .................
4) Sex: ............... 6) Blood Group...........................
5) Types of Disability: On the basis of nature ................ on the basis of severity...............
6) Father name /Mother Name or Guardian.............................................
7) Signature of Id card holders...........................
8) Approved by.....................................

Name...........................

Signature......................

Designation.................

Date.............................

"If somebody finds this ID card, please deposit this in the nearby police station or municipality office "

## अनुसूची ३
## अपाङ्गता भएको व्यक्तिको कार्यालयमा राखिने अभिलेख  ढाँचा

क्रम संख्या :-

अपाङ्गता परिचयपत्र नं.:-                    परिचय पत्रको प्रकार ..........

१) नामथरः-

२) ठेगाना (स्थायी)  प्रदेश :            जिल्ला :            स्थानीय तह :            वडा :

३) ठेगाना (अस्थाई)  प्रदेश :            जिल्ला :            स्थानीय तह :            वडा :

४) जन्म मिति :            ५) नागरिकता नं. :            ६) लिङ्ग :

७) रक्त समुह :            ८) विवाहित/अविवाहित :

९) बावु/आमा वा संरक्षकको नाम, थर :

१०) ठेगाना  प्रदेश :            जिल्ला :            स्थानीय तह :
वडा :

११) अपाङ्गता भएको व्यक्तिसंगको नाता :

१२) पछिल्लो शैक्षिक योग्यता :

१३) अध्ययनरत विद्यालय वा कलेज :            अध्ययन नगरेको      पढाई सकेको

१४) पेशा :

१५) अपाङ्गताको किसिम :

क) अपाङ्गताको प्राकृतिक आधारमा..................

ख) अपाङ्गताको गम्भीताको आधारमा ...............

१६) कस्ता दैनिक कियाकलापहरु गर्न सकिन्छ ?

.........................................................................................................................

.

१७) कस्ता दैनिक कियाकलापहरु गर्न सकिदैन ?

.........................................................................................................................

.

१८) सहायक सामाग्री आवश्यक            पर्ने            नपर्ने

आवश्यक पर्ने भए के ........................

१९) हाल सहायक सामाग्री            पाएको            नपाएको

२०) परिचय-पत्र वाहकले प्राप्त गरेको अन्य सेवा, सुविधा

.........................................................................................................................

२१) परिचयपत्र बाहकलाई आवश्यक परेको अन्य सेवा सुविधाहरु

.........................................................................................................................

.

# घरनक्सा नियमित (निर्माण भइसकेका पुराना भवनको) सम्बन्धी कार्यविधि, २०७५

## सूर्योदय नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल

**घरनक्सा नियमित (निर्माण भइसकेका पुराना भवनको) सम्बन्धी कार्यविधि**

(१) यस नगरपालिकाले भवन निर्माणको लागि नक्सा पास स्वीकृति दिँदा वा नियमित गर्दा भवन निर्माण संहिता बमोजिम भूकम्प सुरक्षात्मक प्रविधि "नेपाल राष्ट्रिय भवन निर्माण संहिता, २०६०" अनुसार गरिनेछ।

(२) घरनक्सा नियमित गर्दा तत्कालीन अवस्थामा तोकिएको सेटब्याकलाई आधार मानी वा सेटब्याक दुरी तोक्नुभन्दा अगावै निर्माण भएका घरहरुलाई सेटब्याकलाइ आधार मानी वा सेटब्याक दुरी तोक्नु भन्दा अगावै निर्माण भएको घरहरुलाइ सेटव्याक दुरी नपुगेका कारण घरनक्सा नियित गर्न अप्ठ्यारो पर्ने छैन।

(३) १७ मिटरभन्दा कम उचाईका भवनहरुले (नगरपालिकाको मापदण्ड घोषणा हुनुपूर्व निर्माण भएका भवनहरु) भवन नियमित प्रमाणपत्रका लागि नयाँ घरनक्सा पास जस्तै सम्बन्धित घरको नक्सा एवं सँधियारको मुचुल्का सहित निवेदन दिनुपर्ने। पेश गर्नुपर्ने कागजातहरु एवं नक्सा सोही अनुरुप रहनेछन् तर भवनको नक्सामा Structural Drawing संलग्न अनिवार्य छैन। नापी तथा लालपूर्जामा एकरुपता भएको तथा अन्य कुनै विवाद नपरेको भवन मात्र भवन कायमको प्रक्रियामा जानेछन्।

(४) घरनक्सा नियमित गर्दा नगरपालिका क्षेत्रभित्रका सडकहरुमा यदि घरको छज्जा/पेटी वा केही भाग हाल कायम भएको बाटोको क्षेत्राधिकारभित्र पर्ने तर त्यस्ता संरचनाको कारणले तत्काल सार्वजनिक आवागमनमा असर नपर्ने देखिएमा उक्त भाग नगरपालिका वा सम्बन्धित निकायबाट भत्काउन आदेश दिएका बखत घरधनी आँफैले भत्काउने कबुलियतनामा गरी घरनक्सा नियमित गरिनेछ।

(५) घरनक्सा नियमित गर्दा नापी नक्सामा कायम रहेको सार्वजनिक क्षेत्र (कुलो, खोला, खोल्सा, बाटो, जंगल आदि) मिचेर बनाइएको घरको घरनक्सा नियमित गरिने छैन।

(६) घरनक्सा नियमित गर्दा पूर्व पश्चिम मेची राजमार्गमा रहेका घरहरुको सडकाधिकार (केन्द्र रेखादेखि दुवैतर्फ १५/१५ मिटर) भित्र छज्जा, झाप, पेटी आदि परेमा उक्त घरहरुको नक्सा नियमित गरिने छैन।

(७) विवादित भवनहरुको हकमा सम्बन्धित निकायबाट अनुमति/सिफारिस लिनु पर्नेछ।

(८) घर भवन नियमित प्रमाणपत्रले कुनै पनि अर्थमा घर सुरक्षित छ वा पूर्ण रुपमा नक्सा पास भएको भन्ने जनाउने छैन।

**प्रचलित कानूनको अधिनमा रहँदै सूर्योदय नगरपालिकाको भवन मापदण्ड, शर्त तथा नियमहरु स्वीकार गर्दछु / गर्दछौं।**

घरधनी वा वारेसको सही.........................

नाम थर: ............................................

हालको ठेगाना ....................................

फोन नं. ..............................................

सूर्योदय नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल

**तल्ला थप इजाजत सम्बन्धी व्यवस्था**

**क)** सूर्योदय नगरपालिका भवन विकास निर्माण मापदण्ड, २०७३ घोषणा हुनुभन्दा अघि बनेका भवनहरुको हकमा तल्ला थपको अनुमति प्राप्त गर्नका लागि अनिवार्य रुपमा भवन अभिलेखीकरण गरिएको हुनुपर्नेछ । सूर्योदय नगरपालिका भवन विकास निर्माण मापदण्ड, २०७३ घोषणा भइसकेपछि बनेका घरहरुको हकमा भने अनिवार्य रुपमा नक्सा स्वीकृति लिएर मात्र तल्ला थप अनुमति प्राप्त गर्न सकिनेछ ।

**ख) ९"x९" पिलर भएका**

सूर्योदय नगरपालिका भवन विकास निर्माण मापदण्ड, २०७३ घोषणा हुनुभन्दा अघि अनुमति लिई वा नलिई निर्माण भएका भवनहरुका लागि सडक क्षेत्राधिकार र सेटब्याकको मापदण्ड पालना गरेको भएमा मान्यताप्राप्त इन्जिनियर/आर्किटेक्टको सिफारिसमा भुँईतल्ला भन्दा कम क्षेत्रफलमा बढीमा १ तल्ला सम्म RCC Slab / पक्की संरचना बाहेकको संरचना अनुमति प्रदान गर्न सकिनेछ ।

**ग) ९"x१२" पिलर भएका**

सूर्योदय नगरपालिका भवन विकास निर्माण मापदण्ड, २०७३ घोषणा हुनुभन्दा अघि अनुमति लिई वा नलिई निर्माण भएका भवनहरुका लागि सडक क्षेत्राधिकार र सेटब्याकको मापदण्ड पालना गरेको भएमा मान्यताप्राप्त इन्जिनियर/आर्किटेक्टको सिफारिसमा भुँईतल्ला भन्दा कम क्षेत्रफलमा बढीमा २ तल्ला सम्म RCC Slab / पक्की संरचना बाहेकको संरचना अनुमति प्रदान गर्न सकिनेछ ।

**घ) १२"x१२" पिलर भएका**

सूर्योदय नगरपालिका भवन विकास निर्माण मापदण्ड, २०७३ घोषणा हुनुभन्दा अघि अनुमति लिई वा नलिई निर्माण भएका भवनहरुका लागि सडक क्षेत्राधिकार र सेटब्याकको मापदण्ड पालना गरेको भएमा मान्यताप्राप्त इन्जिनियर/आर्किटेक्टको सिफारिसमा भुँईतल्ला भन्दा कम क्षेत्रफलमा बढीमा FARको आधारमा तल्ला थपको अनुमति प्रदान गर्न सकिनेछ ।

**ङ)** यदि माथि उल्लेखित बुँदा नं. क, ख र ग को उल्लंघन गरी भवन निर्माण गरेमा घरनक्सा नियमित गरिने छैन । साथै यस्ता भवनहरुलाई सम्बन्धित घरधनीबाट खर्च भराउने गरी नगरपालिकाले भत्काउन आदेश दिन सकिनेछ ।

**च)** पुराना भवनहरुमा तल्ला थप गर्दा हालको सडक अधिकार क्षेत्र र तोकिएको सेटब्याक मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ । जस्तै Lintel band, sill band लगायतका सुरक्षित प्रविधि अनिवार्य अपनाउनु पर्नेछ ।

**प्रचलित कानूनको अधिनमा रहँदै सूर्योदय नगरपालिकाको भवन मापदण्ड, शर्त तथा नियमहरु स्वीकार गर्दछु / गर्दछौँ ।**

घरधनी वा वारेसको सही........................
नाम थर: ............................................
हालको ठेगाना ....................................
फोन नं. .............................................

अनुसूची १

अभिलेखीकरण प्रमाणपत्र

## सूर्योदय नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, ईलाम

प.सं.

च.नं.

## भवन निर्माण कार्य दर्ता सम्पन्न

# प्रमाणपत्र

| |
|---|
| हालसालै खिचिएको पासपोर्ट साइजको फोटो |

श्री **................ले** यस नगरपालिका **वडा नं.**........मानिम्न बमोजिम नि
गरेकोले
यो निर्माण कार्य सम्पन्न प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. जग्गाधनीको नाम, थर :

२. घरधनीको नाम, थर, वतन :

३. जग्गाको विवरण: साविक........हालको वडा नं. **सू.न.पा.** ...... घर नं. ......... सडकको नाम ............................. कि.नं......... क्षेत्रफल.............भू-उपयोग क्षेत्र .................

४. जग्गाको चार किल्लाको कि.नं पूर्वमा .................. पश्चिममा ..........................
उत्तरमा.................... दक्षिणमा ........................

५. भवनको वर्गिकरण :(क) (ख) (ग) (घ) निर्माणको स्ट्रक्चरल सिष्टम : ....................

६. निर्माण कार्य इजाजत प्रमाण-पत्र नं..........................................मिति : ..............................

७. भवन बनेको कभर एरिया : ................... ग्राउण्ड कभरेज .....................

८. बनेको भवनको उचाइ : ...................... तला संख्या :..................

९. घरबनेकोप्लटसंगजोडिएको सडककोलागिकेन्द्रबाटन्युनतमछाड्नपर्नेदूरी.....................
छाडिएकोदूरी ...................

१०.बिजुलीकोतारनजिकभएमाछाड्नपर्नेदूरी ...............छाडेकोदूरी ...................

११.नदी,नाला,खहरकाकिनारभएमाछाडनपर्नेदूरी ..................................छाडेकोदूरी

…………………

१२.ढलनिकाससम्बन्धीढल,सेप्टिकटैंक,सोकपिटभएसोकोविवरणः…………………………………………….

….

१३.अन्यकुनैभएविवरणः………………………………………………………………………………………………

…………

१४. नेपाल राष्ट्रिय भवन संहिता २०६० सम्बन्धी विवरण : १) आंशिक रुपमा पालना भएको २) पालना भएको ३) पालना नभएको

पालना नभएको भए विवरण :

| | | | |
|---|---|---|---|
| ………. | ……….. | ……………………… | ………………………… |
| घरधनी | स्थलगत निरीक्षण गर्ने | सिफारीस गर्ने | स्वीकृत गर्ने |

**निर्माण कार्य सम्पन्न प्रमाणपत्र नं. : ……………..**

अनुसूची २

तल्ला थप सम्बन्धी अनुमति पत्र

सूर्योदय नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल

प.सं.

द.नं.

मिति :...............

**तल्ला थप सम्बन्धी इजाजत पत्र**

श्री ..........................................................

..............................................................

उपरोक्त विषयमा तपाईंले यस नगरपालिका वडा नं. ...................... अन्तर्गत ....................... टोलमा रहेको कि.नं ....................... क्षेत्रफल ........................ भएको जग्गामा मिति ....................... मा भवन अभिलेखीकरण प्रमाणपत्र प्रदान गरिसकिएको हुँदा यसैसाथ संलग्न नगरपालिकाको सम्पूर्ण नियम, कानून पालना गर्ने शर्तहरु, बस्ती विकास, सहरी योजना भवन निर्माण, २०७५ र स्वीकृत नक्सा बमोजिम निर्माण कार्य गर्न यो भवन निर्माणको लागि तल्ला थपको इजाजत प्रदान गरिएको छ। निर्माण कार्य सम्पन्न भएपछि ३५ दिनभित्रमा कार्यसम्पन्न प्रमाण पत्र अनिवार्य रुपमा लिनुपर्नेछ।

(१) थप तल्ला संख्या : ..............

(२) थप गरिने तल्लाको लम्बाई: .................. चौडाई: ................... उचाई : .....................
कूल क्षेत्रफल(वर्गमिटर) : .................

(३) भवनको प्रयोजन: ............

(४) बन्ने थप तल्लाको किसिम: ..........................

(५) निर्माणको लागि इजाजत प्रदान गरिएको तल्ला ............................... वर्गमिटर

(६) अन्य :

.................................... ................ ...............

फिल्ड निरीक्षण गरी पेश गर्ने    सिफारिस गर्ने    स्वीकृत गर्ने

पास भएको नक्सा विपरित कार्य गरेमा वा यसमा उल्लेखित शर्तहरुको वर्खिलाप अन्य कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम कारवाही भएमा मलाई मान्य हुनेछ भनी सहीछाप गर्ने

.............................

नक्सावाला वा निजको वारेसको

सहीछाप

**सूर्योदय नगरपालिका फिक्कल, इलाम**

सहकारी सँस्थाबाट चिया उद्योग स्थापना गर्दा साना किसान सहकारी सँस्थाले भुक्तानी गर्नुपर्ने बैंक व्याजमा अनुदान र सहकारी सँस्थाबाट उद्योग स्थापना गर्दा मेशिनरी औजार खरिदमा अनुदान कार्यक्रमका लागि

# उत्पादनमूलक सहकारी संघसंस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिश सम्बन्धी निर्देशिका, २०७५

**प्रस्तावनाः** सहकारी उद्यम व्यवसायको विकास र विस्तारको लागि स्थानीय सरकारवाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, सहकारी ऐन, २०७४ को दफा २१, २८, २९ र १५१, स्थानीय सूर्योदय नगरपालिकावाट जारी सहकारी ऐन, २०७५ को दफा ४८ र स्थानीय नगरपालिकावाट जारी सूर्योदय राजपत्र, २०७५ को कार्यविधि ८ मा ब्यवस्था भए अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **उत्पादनमूलक सहकारी संघसंस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिश सम्बन्धी निर्देशिका, २०७५** बनाई लागू गरिएकोछ ।

## परिच्छेद–१

## नाम र परिभाषा

**१.नामः** यस निर्देशिकाको नाम **उत्पादनमूलक सहकारी संघसंस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिश सम्बन्धी निर्देशिका, २०७५** रहेको छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **सहकारी संस्था** भन्नाले संघीय सहकारी ऐन, २०७४ वा प्रदेश सहकारी ऐन वा स्थानीय तहवाट जारी सहकारी ऐन अन्तरगत दर्ता भएका सहकारी संस्थालाई जनाउनेछ ।

(ख) कृषि **प्रशोधन उद्योग** भन्नाले प्रारम्भीक कृषि उपजलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी प्रशोधन वा मूल्य अभिवृद्धिद्वारा उपभोग्य बस्तु उत्पादन र प्याकेजिङको काम गर्ने उद्योगलाई जनाउने छ ।

(ग) **लघु खाद्य प्रशोधन उद्योगः** ठोस तथा पेय खाद्य बस्तु प्रसोधन तथा मूल्य अभिबृद्धि द्वारा खाद्य सामाग्री उत्पादन गर्ने लघु उद्योगलाई जनाउनेछ ।

(घ) **सानाउद्योग** भन्नाले वढीमा तीन करोड रुपैया सम्मको स्थिर जायजेथा भएको उद्योगलाई जनाउनेछ ।

(ङ) **मझौला उद्योग** भन्नाले तीन करोड भन्दा वढी १० करोड रुपैया सम्मको स्थिर जायजेथा भएको उद्योगलाई जनाउनेछ ।

(च) **ठूला उद्योग** भन्नाले १० करोड भन्दा वढी स्थिर जायजेथा भएको उद्योगलाई जनाउने छ ।

(छ) **शीत भण्डार** भन्नाले नाशवान प्रकृतिका ताजा कृषि उपज तथा प्रसोधित कृषि उत्पादन वा छोटो आयू भएका औद्योगीक बस्तुहरु भण्डारणको लागि निर्माण भएको प्रबिधियुक्त शीत घरलाई जनाउनेछ,

(ज) **दलितहरुको परम्परागत पेशा** भन्नाले तराईका चमार, डोम र मुसहर तथा पहाडका दमाई, कामी र सार्की लगायत प्रचलित कानून बमोजिम दलितमा सूचिकृत भएका अन्य जातले परम्परागत पेशा व्यवसायमा आधारित छाला, धातु, सिलाई बुनाई, बाद्यवादन, पशुपालन, माछापालन तथा माटोको कामलाई जनाउनेछ ।

(झ) **उच्च मूल्यका कृषि उपज** भन्नाले चिया, कफि, मह, दुग्ध पदार्थ, अदुवा, बेसार, मरिच, लप्सी, उष्ण एवम् शितोष्ण प्रदेशीय फलफूल, जडिबुटी, च्याउ, अलैंची, जुट, तेलहन र सुपारीलाई जनाउनेछ ।

(ञ) **सहकारी खेति** भन्नाले संस्थाका सदस्यहरुलाई प्रत्यक्ष रुपमा संलग्न गराई सहकारी पद्धतिवाट साझा लाभ र जोखिममा संचालन गरिने कृषिकार्य वा खेतिपाति सम्झनु पर्दछ । सो शब्दले पशुपंक्षीपालन, चिया तथा कफी खेती, माछापालन, मौरीपालन, रेशमखेति आदि समेतलाई जनाउनेछ ।

(ट) **निर्देशन समिति** भन्नाले यस निर्देशिका बमोजिम गठित निर्देशन समितिलाई जनाउने छ ।

(ठ) **मूल्यांकन समिति** भन्नाले यस निर्देशिका बमोजिम गठित मूल्यांकन समितिलाई जनाउने छ ।

(ड) **मेशिनरी उपकरण** भन्नाले प्रशोधन उद्योगमा प्रयोग हुने मेशिन औजार यन्त्र उपकरण साथै स्थानीय स्तरमा पार्ट पूर्जा जडान गरी तयार गरिएको एसम्वलेड मेशिन उपकरण समेतलाई जनाउनेछ ।

(ढ) **उद्योग स्थापना** भन्नाले नयाँ उद्योग स्थापना वा पुरानो उद्योगको क्षमता विस्तार गर्ने कार्यलाई समेत जनाउनेछ ।

(ण) **ऐन** भन्नाले संघीय सहकारी ऐन, प्रादेशिक सहकारी ऐन तथा स्थानीय तहको सहकारी ऐन समेत सम्झनु पर्नेछ ।

(त) **नियमावली** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारवाट जारी सहकारी नियमावली सम्झनु पर्नेछ ।

(थ) **विनियम** भन्नाले सहकारी संघसंस्थाको विनियम भन्ने सम्झनु पर्दछ ।

(द) **नगरपालिका** भन्नाले सूर्योदय नगरपालिका बुझनु पर्दछ ।

(ध) **प्रमुख** भन्नाले सूर्योदय नगरपालिका प्रमुख सम्झनु पर्दछ ।

(न) **प्रमुख प्रशासकीय अधिकृत भन्नाले** सूर्योदय नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(प) **दलित** भन्नाले नेपाल सरकारवाट दलितमा सूचिकृत जात जाती भन्ने सम्झनु पर्दछ ।

(फ) **विउपूँजी** भन्नाले ब्यापार ब्यवसाय गर्न पाईने तर खान मास्न नपाईने गरी जगेडा कोषमा राख्नु पर्ने पूंजि भन्ने सम्झनु पर्दछ ।

(ब) **स्थानीय सरकार** भन्नाले नेपालको संविधान २०७२ ले व्यवस्था गरेको तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सरकार भन्ने बुझ्नु पर्दछ ।

(भ) **साना किसान सहकारी** भन्नाले मुख्य ब्यवसायको रुपमा कृषि वाली तथा पशुपंक्षी र माछापालन ब्यवसाय संचालन गर्ने सहकारी संघसंस्था भन्ने बुझ्नुपर्दछ ।

## परिच्छेद–२
## अनुदान सम्वन्धी ब्यवस्था

**३. अनुदान दिन सकिनेः**

(१) सहकारी संघसंस्थावाट उद्यम ब्यवसाय संचालन गर्न र स्वीकृत बार्षिक कार्यक्रम संचालन गर्न स्थानीय सरकारले देहाय बमोजिम अनुदान दिनेछः

(क) ब्याज अनुदान

(ख) बीउपूंजी अनुदान

(ग) पूंजीगत अनुदान

(घ) मेशीनरी औजार खरिद तथा ढुवानीमा अनुदान ।

(ङ) नगरपालिकाको नीति तथा कार्यक्रम अन्तर्गतको कार्यक्रम बजेट अनुदान ।

(२) उपदफा १ खण्ड (ख) र (ग) मा उल्लेखित अनुदान प्राप्त गर्ने सहकारी संघसंस्थाले उक्त रकम जगेडा कोषमा आम्दनी देखाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सहकारी संघसंस्थाहरुलाई प्रदान गरिने अनुदान रकम वितरणको लागि स्थानीय नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको अनुदान देहायका संस्थाहरुको देहायका कार्यक्रमका लागि दिईनेछः

(क) चिया उत्पादक सहकारी संस्था लगायतका कृषि उत्पादक सहकारी संघसंस्थामा संगठित सदस्यहरुलाई सामुहिक र ब्यक्तिगत रुपमा चिया खेति, साना चिया उद्योग, मौसमी तथा वेमौसमी तरकारी, पुष्पवाली, च्याउ, फलफूल खेति, दुग्ध ब्यवसाय, दुग्धजन्य उद्योग तथा कृषिजन्य उद्योग र त्यसको बजारीकरणको लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त वितीय संस्था र सहकारी संस्थावाट नियमानुसार लिएको ऋणको ब्याज रकम अनुदान दिईनेछ।

(ख) महिलाहरु संगठित भई गठन भएका सहकारी संघसंस्थालाई खाद्य प्रशोधन उद्यम र दलित, भूमिहीन, सुकुमवासी, लोपोन्मुख जातजाति तथा सिमान्तकृत वर्गवाट आफ्नो परम्परागत पेशालाई आधुनिकीकरण गर्न उनीहरुलाई सहकारी संस्थामा संगठित गरी गठन भएका सहकारी संघसंस्थालाई उद्यम स्थापना र संचालन गर्न आवश्यक बीउपूंजि अनुदान दिईनेछ।

(ग) उत्पादक, श्रमिक र उपभोक्तावाट संचालित सहकारी संघसंस्थावाट एकल वा सामुहिक रुपमा संचालन गर्ने शीत भण्डार, श्रोत केन्द्र, थोक तथा खुद्रा बजार, यातायात, स्वास्थ्य, विद्युत, कृषि फार्म, पशुपंक्षिपालन, माछापालन र आधुनिक कृषि औजार कारखाना लगायतका ब्यवसायको लागि पूंजिगत अनुदान दिईनेछ।

(५) नगरपालिकाले यस्तो किसिमको अनुदान उपलब्ध गराउन नेपाल राष्ट्र बैंक मातहतका बैंक तथा वित्तीय संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्न सक्नेछ।

**४. ब्याज अनुदान दिन सकिनेः**

(१) सहकारी संघसंस्थालाई दफा ३ को उपदफा (१) खण्ड (क) अनुसार उपदफा (४) खण्ड (क) बमोजिमको उद्यम ब्यवसाय स्थापना र संचालनको लागि देहाय बमोजिम ब्याज अनुदान उपलब्ध गराईनेछः

(क) सहकारी सस्थाले आफ्ना सदस्यहरुले चिया खेति, चिया उद्योग, दुग्धजन्य तथा दूग्ध उद्योग, कृषि उद्योग मौसमी तथा वेमौसमी तरकारी एवम् फलफूल खेति, पुष्पवाली, च्याउ, अलैंची, अदुवा, कफि, सुपारी आदि उच्च मूल्यका वालीहरुको उत्पादन, प्रशोधन र बजारीकरणको लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त वितीय संस्था र सहकारी संस्थावाट नियमानुसार लिएको ब्यक्तिगत र सामुहिक

ऋणको विवरण संकलन गरी ब्याज अनुदानको लागि स्थानीय नगरपालिकाको कार्यालयमा दरखास्त साथ प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) (क) बमोजिमको दरखास्त साथ पेश भएका प्रस्तावहरु छानवीन र मूल्यांकन गरी निर्देशन समितिवाट निर्णय भए बमोजिम ब्याज अनुदान रकम भुक्तानी गरिनेछ ।

(३) नगरपालीकाको नगर साभाबाट स्वीकृत बार्षिक बजेट र कार्यक्रमको आधारमा प्रत्येक बर्ष ब्याज अनुदान दिन सकिनेछ ।

**५. बीउपूंजि अनुदान दिन सकिनेः**

(१) सहकारी संघसंस्थालाई दफा ३ को उपदफा (१) खण्ड (ख) अनुसार उपदफा ४ खण्ड (ख) बमोजिमका उद्यम व्यवसाय स्थापना र संचालन गर्न देहाय बमोजिम बीउपूंजि अनुदान दिइनेछः

(क) महिला तथा यूवाहरुलाई लघु उद्यम र दलित, भूमिहीन, सुकुमवासी, लोपोन्मुख जातजाति तथा सिमान्तकृत वर्गवाट आफ्नो परम्परागत पेशालाई आधुनिकीकरण गर्ने प्रयोजनको लागि उद्यम स्थापना र संचालन गर्न आवश्यक बीउपूंजि अनुदान दिईनेछ ।

(२) उपदफा (१) बमोजिम बीउपूंजि अनुदान दिदा परियोजना लागतको ८० प्रतिशत सम्म दिन सकिनेछ।

(३) सामान्यतया एक पटक बीउपूंजि अनुदान दिई सकेपछि पुन बीउपूंजि अनुदान दिन सकिने छैन । तर उद्यम व्यवसायको क्षमता विकास र विस्तार प्रयोजनको लागि दिन बाधा पर्नेछैन ।

**६. पूंजिगत खर्च अनुदान दिन सकिनेः**

(१) सहकारी संघसंस्थालाई दफा ३ को उपदफा (१) खण्ड (ग) अनुसार उपदफा ४ खण्ड (ग) बमोजिमका उद्यम व्यवसाय स्थापना र लद्यु उद्योग संचालन गर्न देहाय बमोजिम पूंजिगत खर्च अनुदान दिइनेछः

(क) उपदफा (१) बमोजिम सहकारी संघसंस्थालाई शीतभण्डार, श्रोत केन्द्र, चिया प्रशोधन उद्योग, दूग्ध तथा दूग्धजन्य उद्योग, कृषि उद्योग, थोक तथा खुद्रा बजार, यातायात, स्वास्थ्य, विद्युत, कृषि फार्म, पशुपंक्षिपालन, माछापालन र आधुनिक कृषि औजार कारखाना लगायतका उद्यम व्यवसायको लागि पूंजिगत अनुदान दिईनेछ ।

(२) दफा ६ उपदफा (१) (क) बमोजिम सहकारी संघसंस्थालाई वित्तीय अनुदान दिदा परियोजना लागतको ८० प्रतिशत भन्दा बढी पूंजिगत अनुदान दिईने छैन ।

(३) सामान्यतया एउटै संस्थालाई एक पटक पूंजिगत खर्च अनुदान दिई सकेपछि पुनः पूंजिगत खर्च अनुदान दिन सकिने छैन । तर उद्यम व्यवसायको क्षमता विकास र विस्तार प्रयोजनको लागि पुनःअनुदान दिन बाधा हुनेछैन ।

(४) सहकारी संघसंस्थाले लिने पूंजिगत खर्च अनुदान जगेडा कोषमा आम्दानी देखाउनु पर्नेछ ।

(५) पूंजिगत खर्च अनुदान बहुबर्षिय परियोजनामा चार आर्थिक बर्षमा भुक्तानी दिन सकिनेछ ।

**६. कार्यक्रम अनुदान प्रदान गर्न सकिनेः**

(१) दफा ३ को उपदफा (१) खण्ड (ङ) बमोजिमको कार्यक्रम अनुदान स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था गरी सहकारी संघसंस्थालाई दिन सकिनेछ ।

(२) कार्यक्रम अनुदान शीर्षकमा प्रदान गरिने रकम नगर सभाबाट पारित नगरको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि अनुदान प्रदान गर्न सकिने छ ।

**७. अनुदानवाट संचालिन कार्यक्रमहरुको प्रगति दिनु पर्नेः**

(१) सहकारी संघसंस्थाले स्थानीय सरकारको बजेट अनुदान प्राप्त गरी संचालित जुनसुकै कार्यक्रमको चौमासिक तथा बार्षिक प्रगति सम्वन्धित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ ।

**८. अनुदान दिन नसकिनेः**

(१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सहकारी संघसंस्थालाई अनुदान उपलब्ध गराईनेछैनः

(क) बार्षिक साधारणसभा सम्पन्न नगरेको ।

(ख) नियमित रुपमा बार्षिक लेखापरीषण नगरेको ।

(ग) निर्धारित समयमा संचालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको चुनाव नगरेको ।

(घ) अघिल्ला बर्षहरुमा प्राप्त अनुदानको सदुपयोग नगरेको ।

(ङ) सदस्य केन्द्रीत भई कार्यक्रम संचालन नगरेको ।

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कार्यक्रम संचालन गरेको ।

(छ) नियमानुसार कर चुक्ता नगरेको ।

(२) बचत तथा ऋणको कारोवार संचालन गर्ने सहकारी संस्थाले कार्यक्रम अनुदान बाहेक उद्यम व्यवसाय संचालनको लागि ब्याज अनुदान, बीउपूंजि अनुदान र पूंजिगत खर्च अनुदान प्राप्तगर्न सक्ने छैनन् ।

## परिच्छेद–३
## अनुदान वितरण प्रकृया

**९. सूचना प्रकाशन गर्नेः**

(१) यस निर्देशिकामा व्यवस्था भए बमोजिम उद्यम व्यवसाय स्थापना र संचालनको लागि ब्याज, बीउपुंजि र पूंजिगत अनुदानको रकम प्राप्त गर्न ईच्छुक एवं योग्य सहकारी संघसंस्थाहरुबाट दरखास्त आब्हान गरिने छ ।

(२) प्रस्ताव आहवानको लागि स्थानीय वा राष्ट्रियस्तरको पत्रिकामा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । सूचना प्रभावकारी बनाउन सम्वन्धित नगरपालिकाको कार्यालय तथा सवै वडा कार्यालयहरुमा सूचना टांस गर्नुको साथै स्थानीय रेडियो समेतको उपयोग गर्न सकिनेछ ।

(३) सूचनामा अनुदान प्राप्त गर्न आवेदन गर्ने प्रमुख आधारहरु, दरखास्त साथ पेश गर्नुपर्ने विवरण र कागजपत्रहरु एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालय वारे स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

**१०. सोझै प्रस्ताव पेश गर्न सकिनेः**

दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा उल्लेखित बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि नगरपालिकाको कार्यालयले १५ दिनको समय दिई सोझै प्रस्ताव आब्हान गर्न सक्नेछ ।

**११. दरखास्त पेश गर्नु पर्नेः**

यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न चाहने सहकारी संघसंस्थाले देहाय बमोजिमको विवरण संलग्न गरी दफा ९ बमोजिम सूचनामा दिएको समय सीमा भित्र अनुसूची १ बमोजिमको ढांचामा नगरपालिकाको कार्यालयमा दरखास्त दिनुपर्नेछः

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको स्वीकृत विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आ.ब. को लेखापरीक्षक प्रतिवेदनको प्रतिलिपि,

(घ) कर तिरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) परियोजना प्रस्ताव,

(च) साधारणसभावाट अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

(छ) संचालक समितिका पदाधिकारीहरुको सम्पर्क नम्वर सहितको ठेगाना विवरण,

(ज) जग्गा आवश्यक भएमा सो प्राप्ति सम्वन्धि भरपर्दो कागजात,

(झ) परियोजनामा लगानीको लागि संस्थावाट परिचालन गरिने रकमको श्रोत,

(ञ) परियोजनाको संक्षिप्त विवरण (अनुसूची २ बमोजिम)

(ट) पूर्व सम्भाब्यत्ता अध्ययन प्रतिवेदनको प्रतिलिपि - पूंजिगत अनुदानको लागि मात्र) ।

**१२. प्रारम्भिक छानवीन गर्ने:**

(१) दफा ११ बमोजिम दरखास्त उपर संवन्धित न.पा कार्यालयमा गठित प्रारम्भिक छानवीन उपसमितिले प्रारम्भिक छानवीन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानवीन उपसमितिले अनुसूची ३ बमोजिमको प्रारम्भिक जांचसूचीको आधारमा प्रस्तावमा संलग्न कागजातहरु रुजू गर्नुको साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानवीन गर्दा अनुसूची ३ मा उल्लेखित कुनै एक बूदामा असफल भएमा उक्त दरखास्त मूल्यांकनको लागि समावेश गरिनेछैन ।

)४) दरखास्त छानवीनका सिलसिलामा आवश्यक अन्य कुरा प्रस्ताव मूल्यांकन समितिले तोके बमोजिम हुनेछ ।

**१३. प्रारम्भिक छानवीन उपसमितिको ब्यवस्था:**

(१) दफा १२ (२) बमेजिम अनुदानको लागि दर्ता हुन आएका दरखास्तहरुको छानवीन गरी प्रस्ताव मूल्यांकन समितिमा पेश गर्न देहाय बमोजिमको एक प्रारम्भिक छानवीन उपसमिति रहनेछः

(क) प्रशासकीय अधिकृत
संयोजक

(ख) कृषि/पशु प्राविधिक तथा नगरपालिकाको मातहतको कार्यालय प्रतिनिधि
सदस्य

(ग) सहकारी शाखा प्रमुख सदस्य
सचिव

(२) उपदफा (१) बमोजिम छानवीन गर्दा अनुदान दिन योग्य देखिएमा प्रस्ताव मूल्यांकन समितिमा सिफारिश गरिनेछ ।

(३) दरखास्त छानवीनका सिलसिलामा आवश्यक अन्य कुराहरु मूल्यांकन समितिले तोके बमोजिम हुनेछ ।

**१४. प्रस्ताव मूल्यांकन समितिको व्यवस्थाः**

(१) दफा १३ (२) बमेजिम मूल्यांकनको लागि सिफारिश भई आएका प्रस्तावहरुको मूल्यांकन गरी बजेट तथा कार्यक्रम र अनुदान राशी किटानी सहित निर्देशन समितिमा सिफारिश गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्यांकन समिति रहनेछ:

(क) आर्थिक विकास समितिका
संयोजक

(ख) कार्यपालिकाको १ महिला सदस्य सहित २ जना सदस्य

(ग) लेखा अधिकृत सदस्य

(घक) प्रशासकीय अधिकृत सदस्य
सचिव

(२) उपदफा (१) बमोजिम प्रस्ताव मूल्यांकन गर्दा यस निदेर्शिकाको अनुसूची ४ बमोजिमको आधार लिई प्रस्ताव मूल्यांकन गरी कुन प्रकृतिको अनुदान हो सो समेत खोली निर्देशन समितिमा सिफारिश गरिनेछ ।

)३) प्रस्ताव मूल्यांकनका सिलासिलामा आवश्यक अन्य कुराहरु निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

**१५. निर्देशन समितिको व्यवस्थाः**

(१) यस निर्देशिका बमोजिम अनुदान प्रस्ताव स्वीकृत गर्न तथा तत्सम्वन्धमा आवश्यक निर्देशन तथा समन्वयका लागि नगरपालिकामा देहाय बमोजिमका निर्देशन समिति रहनेछ:

(क) नगरपालिका प्रमुख संयोजक

(ख) नगरपालिका उपप्रमूख सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक सदस्य

(घ) कार्यपालिका सदस्य सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत कसदस्य सचिव

(२) दफा १४ (२) बमोजिम अनदानको लागि सिफारिश भई आएका अनुदान प्रस्तावहरुमा स्वीकृति प्रदान गर्ने काम निर्देशन समितिले गर्नेछ ।

(३) निर्देशन समितिले अनुदान स्वीकृत गर्दा मूल्यांकन समितिवाट सिफारिश भई आएका प्रस्तावहरु जस्ताकोतस्तै स्वीकृत गर्न वा थपघट सहित शर्त बन्देज तोकी स्वीकृत गर्न वा पुनः मूल्यांकनको लागि फिर्ता पठाउन सक्नेछ ।

(४) निर्देशन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(५) निर्देशन समितिले अनदान सहयोग प्रदान गर्ने सम्वन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद–४
## अनुदान वितरण तथा छुट सुविधा सिफारिश गर्ने आधार तथा शर्तहरु

**१६.अनुदान वितरणका आधारः**

(१) यस निर्देशिका अनुरुप अनुदान पाउनको लागि प्रचलित कानून बमोजिम दर्ता भई नियमित सञ्चालनमा रहेको सहकारी संघ/संस्था हुनु पर्नेछ ।

(२) संस्थाले वार्षिक साधारण सभाबाट स्थानीय वा प्रदेश वा संघीय सरकारवाट अनुदान सहयोग लिने निर्णय पारित गराई वा आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयका आधारमा अनुदान वा सहयोगका लागि माँग गरेको हुनु पर्नेछ ।

(३) संस्थाले उद्यम व्यवसाय स्थापना र संचालन सम्वन्धमा कार्ययोजना तैयार गरी प्रस्ताव साथ उद्योगको स्कीम वा संभाब्यता अध्ययन गरेको प्रतिवेदन पेश गर्नुपर्नेछ । मझौला र ठुला उद्योगको हकमा आर्थिक वित्तीय विश्लेषणको विवरण समेत पेश गर्नु पर्नेछ ।

(४) उद्यम व्यवसाय स्थापना र संचालनको लागि आवश्यक पर्ने पूर्वाधार जस्तै कच्चा पदार्थ, सडक संजाल, विद्युत, संचार, पानी आदिको व्यवस्था भएको हुन पर्नेछ ।

(५) उद्योग स्थापनाको लागि चाहिने जग्गा सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगको हुनुपर्नेछ । सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगमा जग्गा उपलब्ध नभएमा कम्तिमा ५ वर्षको लागि जग्गा लिज वा भाडामा लिएको प्रमाण पेश गर्नुपर्नेछ । मझौला र ठूला उद्योगको हकमा यस्तो लिज सम्झौताको न्यूनतम अवधि क्रमशः १० र १५ वर्षको हुनुपर्नेछ ।

(६) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको अधिकत्तम ८० प्रतिशत स्थानीय रुपमा उपलब्ध हुनु पर्नेछ ।

(७) स्थानीय तहमा स्थापना गरिने शीत भण्डार निर्माण गर्नका लागि सम्वन्धित क्षेत्र भित्रको २५ वा सो भन्दा बढी सहकारी संघ संस्थाहरुको संलग्नता र आर्थिक सहभागिता हुनुपर्नेछ । शीत भण्डारको लागि आवश्यक पर्ने जग्गा सम्वन्धित सहकारी संघ/संस्थाहरुले नै व्यवस्था गर्नुपर्नेछ।

(८) अलैंची, चिया, कफि, जुनार/सुन्तलाजात, अदुवा, सुपारी, मह, जडिबुटी, लप्सी, दुग्ध पदार्थ, मौसमी वा वेमौसमी तरकारी फलफुल, माछा लगायत अन्य उच्च मूल्यका कृषिजन्य बस्तु उत्पादन तथा प्रशोधन गर्ने उद्योग स्थापना गर्न जग्गा बाहेक अन्य पूँजीगत खर्चमा सहकारी संघ संस्थालाई ब्याज अनुदान तथा पूंजिगत खर्च अनुदान उपलब्ध गराउन सकिनेछ।

(९) सहकारी/साझेदारी कृषि विकास फर्म (पशु विकास फर्म समेत) स्थापनाको हकमा फर्मको व्यवसायिक प्रकृति अनुसार जग्गा बाहेक पूँजीगत लागतको ८० प्रतिशत सम्मको रकम अनुदानको रुपमा उपलव्ध गराउन सकिनेछ।

(१०) महिलाहरुद्वारा संगठित सहकारी संस्थावाट संचालित लघु खाद्य प्रशोधन उद्योगहरुको लागि सहकारी संस्थाले पेश गर्ने स्किमको आधारमा बीउपूंजि अनुदान उपलब्ध गराउन सकिनेछ।

(११) दलितहरुबाट गठित र संचालित परम्परागत पेशा/व्यवसायको आधुनिकीकरणको लागि सुचिकृत दलितहरु संगठित भई गठन भएको सहकारी संस्थाहरुलाई व्यवसायिक कार्यमा खर्च गर्ने गरी परियोजना लागतमा सहभागिताको आधारमा बीउपूंजी अनुदान उपलब्ध गराउन सकिनेछ।

(१२) प्रस्ताव गरेको उद्योगको कूल लागत अनुसार सहकारी संस्थाले व्यहोर्ने श्रोत खुल्ने प्रमाणहरु लेखापरिक्षण भएको प्रमाणित वासलात तथा बैंक स्टेटमेण्ट समेत पेश गर्नुपर्नेछ । सहकारी संस्थामा रहेको सदस्यहरुको बचत/निक्षेप रकमबाट संस्थागत हिसावले उद्योग ब्यवसायमा लगानी गर्न पाइनेछैन ।

(१३) एक वा सो भन्दा वढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग संचालन गर्न सकिनेछ । एकभन्दा वढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग संचालन गर्ने भएमा सम्वन्धित संघ संस्थाको संचालक-समितिको निर्णय र उनीहरु वीचको सम्झौता वा करारनामाको प्रमाणित प्रतिलिपि प्रस्तावका साथ पेश गर्नुपर्नेछ।

(१४) एक सहकारीले एक भन्दा वढी उद्योग संचालन गर्ने गरी प्रस्ताव पेश गर्न पाउने छैन। एक संस्थाले एक भन्दा वढी प्रस्ताव पेश गरेको पाईएमा कुनै एक वा दुबै प्रस्ताव रद्ध गर्न सकिनेछ।

(१५) एउटै परियोजनाको लागि अन्य सरकारी वा गैर सरकारी निकायहरुबाट अनुदान सहयोग प्राप्त गरेको वा सहयोगका लागि प्रस्ताव गरेको पाईएमा यस कार्यक्रमबाट थप अनुदान उपलब्ध गराइने छैन । तर शीतभण्डार निर्माणको हकमा यो बूदा लागु हुने छैन ।

(१६) निर्माण कार्यका लागि स्वीकृत बजेट अनुसार पूँजीगत अनुदान प्राप्त गर्ने सहकारी संघ संस्था वा निकायहरुले प्रचलित आर्थिक ऐन नियमको पालना गरी खर्च गर्ने र लेखापरिक्षण गराउने उत्तरदायित्व वहन गर्नु पर्नेछ । सम्बन्धित आर्थिक वर्षका लागि स्वीकृत बजेटको परिधि भित्र रहेर मात्र अनुदान उपलब्ध गराउन सकिनेछ । निर्माण कार्यको लागत अनुमान, डिजायन र कामको मूल्यांकनका लागि सम्बन्धित गांउपालिका वा नगरपालिका कार्यालय वा इजाजत प्राप्त प्राबिधिक वा फर्मको कामलाई मात्र स्वीकार गर्न सकिनेछ । निर्माण कार्यको दुई पक्षीय सम्झौतामा प्राविधिक सेवा दिने निकाय वा प्राविधिकको नाम उल्लेख गर्नु पर्नेछ । सरकारी निकाय बाहेक निजी क्षेत्रबाट प्राविधिक सेवा लिएको अवस्थामा सम्झौता अगावै नियुक्ति पत्र वा करारनामा र सम्बन्धित संस्था वा व्यक्तिको प्रतिबद्धता पत्र समेत पेश गर्नुपर्नेछ । यस्तो फर्म वा व्यक्तिले प्राप्त गरेको इजाजत पत्र (नविकरण सहित) को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(१७) उद्देश्य विपरित अनुदान रकमको प्रयोग अन्य काममा गरेमा वा सम्झौता विपरितका कामहरु गरेमा सम्झौता गर्ने सहकारी संघ संस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सञ्चालक समिति व्यक्तिगत र सामूहिक रुपमा उत्तरदायी हुनेछन ।

(१८) सामान्यतया अघिल्लो आर्थिक वर्षहरुमा अनुदान सहयोग लिई उद्योगको स्थापना गरेका सहकारीहरुलाई अनुदान सहयोग सूचिमा समाबेश गरिने छैन । तर कुनै सहकारी संस्थाले अघिल्लो अनुदानको सदुपयोग गरी संस्थागत आयमा बृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनिय योगदान पुऱ्याएको छ भने त्यस्तो उद्योग व्यवसायको क्षमता अभिबृद्धिमा सहयोग पुऱ्याउन अनुदान कार्यक्रममा पुन समावेश गराउन सकिनेछ ।

## १७. छुट सुविधा सिफारिश गर्नेः

(१) कृषिमा आधारित वस्तु र सेवा उत्पादन गर्ने एकल उद्देश्यका उत्पादनमुलक सहकारी संघ संस्थाहरु, उपभोग्य वस्तु तथा सेवाको खरिद तथा विक्रि वितरण गर्ने उपभोक्ता एवं वहुउद्देश्यीय सहकारी संघ संस्थाहरुलाई ढुवानी साधन (ट्रक, मिनि ट्रक, डेलिभरी भ्यान) खरिदमा भन्सार छुटको लागि सिफारिश गर्दा सहकारी संघ संस्थाले संचालन गर्ने वार्षिक

कारोवारको आयतन, उत्पादित वस्तुको प्रकृति तथा परिणाम, संघ संस्थाले उपलब्ध गराउने सेवा सुविधाको स्तर, सेवा पाउने सदस्यहरुको संख्या, वार्षिक साधारण सभा सम्पन्न भएको, नियमित लेखापरीक्षण गराएको, संचालक समितिको सकृयता तथा सहकारी सुशासन जस्ता आधारहरु लिनु पर्नेछ । नियमित रुपमा वार्षिक साधारणसभा सम्पन्न गर्ने र लेखापरीक्षण गराउने, १०० जना भन्दा बढी सदस्यहरुलाई सेवा दिइरहेको, वार्षिक रु. ३० लाख भन्दा वढीको कारोवार भएको, संघ संस्थाको कार्यालय वा गोदाम सम्म यातायातको पहुँच भएको, खाद्य सामाग्री एवं नासवान प्रकृतिको कृषिजन्य उत्पादन सामाग्री विक्रि वितरणको काम गर्ने सहकारी संघ संस्थालाई मेशिनरी तथा ढुवानीका साधन आयातमा भन्सार महशूल छुटको लागि अर्थ मन्त्रालयमा सिफारिश गरिनेछ ।

(२) स्वास्थ्य सेवासँग सम्बन्धित सहकारी संघ संस्था वा ग्रामीण क्षेत्रका एकभन्दा बढी व्यवसाय गरेका बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाले छुट्टै कोषको ब्यवस्था गरी वा संस्थागत जगेडाकोषको उपयोग गरी समुदायका लागि आवश्यक पर्ने आकस्मिक सेवाको लागि एम्वुलेन्स खरिद गर्न छुट सुबिधा उपलब्ध गराउनका लागि सम्वन्धित निकायमा सिफारिश गर्न सकिनेछ ।

(३) कृषि यान्त्रीकरणमा सहयोय गर्न सहकारी मार्फत ट्रयाक्टर आयात गर्दा भन्सार महशूल छुट सुबिधाका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्न सकिनेछ । यस्तो सिफारिश गर्दा सहकारीको नियमतिता र कारोवारको विवरणहरुलाई आधार बनाइनेछ ।

**१८. अनुदानको लागि संघसंस्थाले पालना गर्नु पर्ने शर्तहरु :**

(१) यस निर्देशिका अनुसार अनुदान रकम लिनु अगाडि सम्वन्धित सहकारी संघ संस्थाको तर्फबाट अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले निम्न बमोजिमका शर्तहरु समेत पालना गर्ने गराउने गरी गरेको सम्झौताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

(२) यस कार्यविधि अनुसार अनुदान लिई संचालित उद्योग कम्तीमा १० वर्ष सम्म विक्रि गर्न पाईने छैन । त्यस पछि विक्रि गर्नु परेमा स्थानीय गांउपालिका वा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र विक्रि गर्न सकिनेछ ।

(३) निर्धारित उद्यम ब्यवसायमा अनुदान रकम प्रवाह भैसकेपछि जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही सम्वन्धी उद्योग वा उद्यम स्थापना गरी संचालन गर्नु गराउनु पर्नेछ ।

(४) उद्योगमा अधिकत्तम ८० प्रतिशत स्वदेशी कच्चा पदार्थको प्रयोग गर्नु पर्नेछ ।

(५) यस कार्यविधि अनुरुप अनुदान लिई संचालन हुने उद्योगमा अदक्ष श्रमिकको हकमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नु पर्नेछ र दक्ष जनशक्तिको हकमा स्वदेशी उपलब्ध हुन नसकेमा मात्र प्रचलित कानून अनुसार विदेशी जनशक्ति प्रयोग गर्न सकिनेछ।

(६) कुनै उद्योगीले यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गरी सकेपछि तोकिएको समय अघिनै उद्योग विक्रि गरेमा वा संचालन नगरेमा १०% हर्जाना सहित उक्त अनुदान रकम सम्वन्धित सहकारीबाट असुल उपर गरिनेछ।

## परिच्छेद–५

## कार्यान्वयन, अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था

### १९. जानकारी दिनु पर्नेः

(१) निर्देशन समितिवाट परियोजना स्वीकृत भएपछि सम्वन्धित संस्थालाई सो को जानकारी दिनु पर्दछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउदा कम्तिमा ७ दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्दछ।

### २०. संझौता गर्नु पर्नेः

यस निर्देशिका बमोजिम सहकारी संघसंस्थालाई अनुदान प्रदान गर्दा नगरपालिकाको कार्यालयले तोको ढांचामा सम्झौता गर्नु पर्नेछ।

### २१. अनुदानको सदुपयोग गर्नु पर्नेः

सहकारी संघसंस्थाले जुन प्रयोजनको लागि अनुदान लिएको हो, संस्थामा आम्दानी बांधी सोही प्रयोजनमा खर्च गर्नु पर्दछ।

### २२. भुक्तानी विधिः:

(१) निर्देशन समितिबाट अनुदानका लागि स्वीकृत भएका सहकारी संघसंस्थाहरुलाई स्वीकृत रकम स्थानीय नगरपालिका कार्यालयबाट भुक्तानी गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ।

(२) ब्याज अनुदानको स्वीकृत रकम संवन्धित बैक वा वित्तीय संस्था वा सहकारी संस्थवाट ऋण लिएको प्रमाण वा सम्झौताका आधारमा भुक्तानी गरिनेछ।

(३) सहकारी संघ संस्थाहरुले स्वदेशमै निर्मित मेशिन उपकरण खरिद गर्ने भएमा मेशिन उपकरण खरिद गरी त्यसको वील भरपाई सहित सम्वन्धित नगरपालिका कार्यालयमा पेश भए पछि नगरपालिका कार्यालयको निरीक्षणबाट उक्त मेशिन उपकरण सम्वन्धित स्थलमा पुगी सकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको वढीमा ५०% रकम पहिलो किस्ता उपलब्ध गराईनेछ। मेशिन

उपकरण जडान गरे पछि कार्यालयको स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा वाँकी ५०% रकम अन्तिम किस्ताको रुपमा निकासाको व्यवस्था गरिनेछ ।

(४) मेशिन तथा उपकरणको लागत विदेशबाट आयात गर्नु परेको अवस्थामा भन्सारले कायम गरेको मूल्यलाई लागत मुल्य मानिनेछ ।

(५) शीतघर निमार्णको लागि प्रस्ताव स्वीकृत भएकोमा सहकारी संघ संस्थाले भवन/सेड निमार्णको लागि ठेकेदार सँग सम्झौता गरेपछि स्वीकृत अनुदान रकमको २५ प्रतिशत, भवन निमार्णको काम सम्पन्न भएपछि २५ प्रतिशत, मेशिन आयात भएपछि २५ प्रतिशत र वाँकी २५ प्रतिशत मेशिन जडान भएपछि स्थलगत निरीक्षणको प्रतिवेदनको साथै प्राबिधिक प्रतिबेदनको आधारमा बहुबर्षिय परियोजनाको रुपमाभुक्तानी दिईनेछ ।

(६) कृषि फार्म स्थापनाको लागि सम्वन्धित स्वीकृत परियोजना प्रस्ताव अनुसार शुरुमा अनुदान रकमको ५० प्रतिशत र प्राविधिक प्रतिवेदन तथा स्थनगत निरीक्षणको आधारमा दोस्रो किस्ता वापत ५० प्रतिशत भुक्तानी गरिनेछ ।

(७) महिला तथा यूवाद्वारा संचालित सहकारी संस्थाबाट लघु उद्यम प्रशोधन उद्यम स्थापना गर्ने प्रयोजनको लागि प्रस्ताव स्वीकृत भएकोमा प्रशोधनको लागि मेशिन उपकरण खरिद गरी सम्वन्धित संघ संस्था वा उद्योग स्थलमा आई पुगेको निरीक्षण प्रतिवेदनको आधारमा ५० प्रतिशत र वाँकी ५० प्रतिशत मेशिन उपकरण जडान भएको प्रमाण र प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ ।

(८) दलितहरुको परम्परागत पेशा र व्यवसायको स्तरोन्नति र आधुनिकीकरणको लागि परियोजना प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित सहकारीलाई २ किश्तामा अनुदान रकम उपलब्ध गराइनेछ । स्वीकृत अनुदानको पहिलो किश्ता वापतको रकम ५० प्रतिशत सम्झौताको वेलामा, दोस्रो किश्ता वापतको रकम ५० प्रतिशत स्थलगत निरीक्षण तथा प्रगति प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ ।

(९) सिमान्तकृत समुदाय, हरुवाचरुवा, वादी, ग्रामीण महिला, भुमिहिन सुकुम्वासीद्वारा संचालित मौसमी तथा वेमौसमि तरकारी, फलफुल, चिया, कफि तथा जडिवुटी खेती र माछा तथा पशुपंक्षि व्यवसाय संचालन गर्न अनुदान स्वीकृत भएकोमा व्यवसाय स्थापनाको लागि सुरुमा वीउ विजन चल्ला, पाठा पाठी खरिद तथा खोर/गोठ/पोखरी/जग्गाको तयारीको लागि ५० प्रतिशत र परियोजना सुरु भए पछि कच्चा पदार्थ (दाना पानी, मल आदि) को लागि ५० प्रतिशत रकम वीउपुँजीको रुपमा अनुदान दिईनेछ ।

(१०) सहकारी संघ संस्थाहरुलाई कार्यक्रम अनुदान उपलब्ध गराउन कार्य प्रगतिका आधारमा २ किश्तामा रकम उपलब्ध गराउनु पर्नेछ । पहिलो किश्ता वापतको रकम

सम्झौता भएपछि स्वीकृत अनुदान रकमको ५० प्रतिशत र दोस्रो किश्ता प्रगति प्रतिवेदन तथा स्थलगत निरीक्षणको आधारमा ५० प्रतिशत भुक्तानी गरिनेछ ।

## २३. अनुगमन गर्नु पर्नेः

(१) यस निर्देशिका अनुसार नगरपालिका कार्यालयले अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नेछ ।
(२) यस निर्देशिका अनुरुप उपलब्ध गराईएको अनुदानको उपयोग र उद्योग संचालनको अवस्था वारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने गराउने जिम्मेवार नगरपालिकाको हुनेछ । अनुगमन निरीक्षण कार्यमा सहयोग गने दायित्व सम्वन्धित सहकारी संघसंस्थाको हुनेछ ।
(३) अनुदान प्राप्त सहकारी संघसंस्थाले यस निर्देशिकामा निर्धारित कुनै शर्त पालना नगरेको पाईएमा नगरपालिका कार्यालयले सम्बन्धित निकायहरुको सहयोग लिइ शर्तहरुको पालना गर्न गराउन वा प्रचलित कानून बमोजिम असूल उपर गर्न गराउन कारावाही चलाउने छ । यस कार्यमा सम्बन्धित अन्य सरकारी निकायको सहयोग लिन सकिनेछ ।

## २४. प्रतिवेदन दिनु पर्नेः

(१) सहकारी संघसंस्थाले यस निर्देशिका बमोजिम प्राप्त अनुदानवाट सम्पन्न गरेको कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र स्थानीय नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछः

(क) पहिलो प्रतिवेदन दोश्रो किस्ता रकम लिनु अगाडि ।

(ख) बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३० दिन भित्र ।

(ग) परियोजनाको उपलब्धी सहितको अन्तिम प्रतिवेदन परियोजना पुरा भए पछि ।

## २५. अनुदानको रोक्का गर्न सक्नेः

(१) दफा २३ बमोजिम अनुगमन गर्दा संस्थाले वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको सर्त उलङघन गरेको पाईएमा नगरपालिका कार्यालयले मुनासिव समय दिई देहाय बमोजिम गर्नेछः

(क) अधुरो निर्माण काम पुरा गर्न लगाउने ।

(ख) खर्च गर्न बांकी रकम खर्च गर्न र खरिद भएको मेशिन उपकरण उपयोग गर्न लगाउने ।

(ग) सम्झौताको सर्त अक्षरश: पालन गर्न लगाउने ।

(२) तोकिएको समय सीमा भित्र सम्झौता अनुसारको काम नगरेमा नगरपालिका कार्यालयले बांकी रकम रोक्का राख्न सकिनेछ ।

**२६. असुल उपर गरिने:**

दफा २३ बमोजिम अनुगमन गर्दा संस्थाले वित्तीय अनुदानको दुरुपयोग गरेको पाईएमा संस्थाका पदाधिकारी र दुरुपयोग गर्ने सदस्यहरुको घरघरानावाट सरकारी बांकी सरह असुल उपर गरिनेछ

**२७. सफाईको मौका दिन पर्ने:**

दफा २५ बमोजिम अनुदान रोक्का राख्नु पर्दा वा दफा २६ बमोजिम अनुदान रकम असुल उपर गर्नु पर्दाको अवस्थामा संवन्धित संस्थालाई सफाई पेश गर्ने मुनासिव माफिकको समय दिनुपर्दछ ।

**२८. अनुदान रकमको लेखापरीक्षण:**

(१) यस निर्देशिकम बमोजिम प्राप्त अनुदान रकमको लेखापरीक्षण सम्वन्धित स्थानीय तहवाट जारी सहकारी ऐन बमोजिम गराउनुपर्नेछ । सम्वन्धित स्थानीय तहवाट सहकारी ऐन जारी नभएको अवस्थामा अनुदान रकमको लेखापरीक्षण सहकारी ऐन, २०७४ मा ब्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनको लागि सहकारी संघसंस्थाले प्राप्त अनुदान रकमको स्रेस्ता तथा वीलभरपाई यस निर्देशिका बमोजिम शुरक्षित रुपमा अलग्गै राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षण प्रतिवेदन बार्षिक साधारणसभावाट स्वीकृत भए पछि सम्वन्धित स्थानीय तह (न.पा./गा.पा.) को कार्यालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद ६
## विविध

**२९. विवरण सार्वजनिक गर्नु पर्ने:**

(१) सहकारी संघसंस्थाले स्थानीय वा प्रदेश वा संघीय सरकारवाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने गरी परियोजनाको विवरण र खर्चको फांटवारी परियोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि स्पष्ट रुपमा देख्न र पढ्न सक्ने गरी टांस गर्नुपर्नेछ ।

(२) सहकारी संघसंस्थाले यस निर्देशिका बमोजिम प्रदान गरिएको अनुदान रकमवाट भएको कामको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

**३०.निर्देशिकाको ब्याख्या गर्ने अधिकार**:

यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वुंदामा अस्पष्टता वा द्विविधा भएमा सम्वन्धित नगर पालिकाको कार्यालयले अन्तिम निर्णय र ब्याख्या गर्न सक्नेछ ।

**३१. संशोधन तथा खारेजी :**

(१) स्थानीय नगरपालिकाले आवश्यकता अनुसार निर्देशिकाको कुनै वुँदा संशोधन वा खारेज गर्न सक्नेछ ।

(२) सूर्योदय नगरपालिकाको साना किसान सहकारी चिया प्रशोधन तथा लघुउद्योग स्थापनाको लागि अनुदान दिने सम्वन्धी कार्यविधि २०७५ खारेज गरिएको छ ।

**अनुसूची १**

**(दफा ११ संग सम्वधित)**

**निवेदनको ढांचां**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सूर्योदय नगरपालिकाको कार्यालय,
फिक्कल इलाम ।

विषयः अनुदानको लागि निवेदन पेश गरेको वारे ।

त्यस नगरपालिकावाट मिति ...................मा प्रकाशित सूचना अनुसार यस सहकारी संघ/संस्थाले स्थानीय सरकारको वित्तीय अनुदान सहयोग समेतमा ..........................यद्यम ब्यवसाय संचालन गर्ने मितिको साधारण सभाले निर्णय गरेको हुदा त्यांहावाट माग गरिएका कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ ।

भवदीय

..............

अध्यक्ष

संस्था/सदस्यको पुरा नामः
संस्था/सदस्यको ठेगानाः
संस्था/सदस्यको छाप/सही

## अनुसूची २
## (दफा ११ संग सम्वधित)
## परियोजनाको संक्षिप्त विवरण

१. सहकारी संघ/संस्थाको नामः

२. ठेगानाः

जिल्लाः न.पा./गा.पा.:

वडा नं. गांउ/टोलः

३. संस्था दर्ता नं. र मितिः

४. परियोजनाको नामः

५. परियोजनाको ठेगानाः

६. परियोजनाको प्रारम्भ मितिः

७. परियोजनाको सम्पन्न ह'ने मितिः

८. परियोजनाको कुल लागतः रु.

८.१ स्थिरपूंजिः रु.

.क) मेशिनरीः

(ख) जग्गाः

(ग) भवनः

(घ) पशुपंक्षि खरिदः

(ङ) अन्य (खुलाउने)

८.२ चालुपूंजि रु.

९. संस्थाले ब्यहोर्ने लागत प्रतिशतः

१०. संस्थाले ब्यहोर्ने लागत श्रोत

क) शेयरः रु.

ख) जगेडा कोषः रु.

ग) अन्यः रु.

११. अन्य श्रोत वा निकायवाट वित्तीय सहयोग प्राप्त गरेको भए खुलाउनेः

१२. सदस्य सहभागिताको अवस्थाः

| बर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | संचालक समितिमा | | परियोजनावाट प्रत्येक्ष लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | |
| महिला | | | | | | |
| अपांग | | | | | | |
| दलित | | | | | | |
| सिमान्तकृत र पिछडिएको जातजाति | | | | | | |
| अन्य | | | | | | |

१३. संस्थाको ब्यवसायिक सेवामा सदस्य केन्द्रीयताः

| विवरण | | हालको अवस्था | | परियोजना पछिको अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादित बस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादनसामाग्री र उपभोग्य बस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

१४. रोजगरी सृजनाः

| स्वरोजगारी | हालको अवस्था | | | | परियोजना पछिको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

नोटः बर्षमा २०८० घण्टा काम पाउने भए एक जना मानी संस्या निधारण गर्ने ।

१५. परियोजना स्थलमा पूर्वाधारको स्थिति (+ चिन्ह लगाउनु होस)

क) विजुली

ख) पानी

ग) पक्की सडक

घ) कच्ची सडक

१६. ब्यवसाय संचालनको लागि घर/सेड/गोठ/खोर/टहरा आदिको अवस्था (+ चिन्ह लगाउनु होस)

क) निर्माण भएको अवस्था भए के के निर्माण भएको छः

ख) निर्माणाधिन अवस्था भए के के निर्माणाधिन के के निर्माण भएको छः छः

१७. कार्यालयको भौतिक अवस्था (+ चिन्ह लगाउनु होस):

क) आफ्नै स्वामित्वको भवन

ख) भाडाको भवन

१८. संस्थागत सुशासनको अवस्था:

क) संचालक समितिको बैठक नियमित छ/छैन:

ख) बार्षिक साधारणसभा नियमित छ/छैन:

ग) लेखापरिक्षण नियमित छ/छैन:

घ) कार्यसम्पादन नियमावली छ/छैन:

ङ) छ भने कुनकुन नियमावली तयार भएकोछ नाम दिनुहोस:

च) परियोजनाको सम्भाब्यता अध्ययन भएको छ/छैन:

छ) सम्भाब्यता अध्ययन भएको छ भने बार्षिक मुनाफा दर कति छः

१९. उत्पादित बस्तुको बजार पहुंचको सम्भावना:

क) अन्तर्राष्ट्रिय बजारको पहुंच छ/छैन:

ख) राष्ट्रिय बजारको पहुंच छ/छैन:

ग) स्थानीय बजारको पहुंच छ/छैन:

२०. समुह ब्यवस्थापनमा संचालन हुने/नहुने:

२१. उत्पादकत्वमा सुधार गर्न नयां प्रविधि वा नवप्रवर्द्धनको प्रयोग हुने/नहुने:

२२. मूल्य श्रृखला अवलम्वनवाट मूल्य अभिबृद्धि हुने/नहुने:

२३. बजारीकरण:

| विवरण | हालको अवस्था | | परियोजना पछिको अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा विक्री | | | | |

२४. वातावरणीय सरोकार:

क) प्राकृतिक श्रोतको जगेर्ना हुने/नहुने:

ख) जैविक विविधताका बढोत्तरी हुने/नहुनेः

ग) स्थानीय श्रोतको संरक्षण हुने/नहुनेः

घ) प्रदुषणको रोकथाम हुने/नहुनेः

ङ) प्रांगारिक खेतिपाती हुने/नहुनेः

२५. अन्य कुनै ब्यहोरा भए खुलाउनेः

........................

अध्यक्षको हस्ताक्षर

नाम थर र संपर्क नं.ः

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

# कअनुसूची ३
## (दफा १२ (२) संग सम्वधित)
## प्रारम्भिक जांचसूची

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भएको/नभएको: .....................
२. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको/नभएको: .....................
३. नियमित रुपमा बार्षिक साधारणसभा सम्पन्न भएको/नभएको: .....................
४. नियमित रुपमा लेखापरीषण सम्पन्न भएको/नभएको: .....................
५. निधारित समयमा संचालक समिति तथा लेखा समितिको निर्वाचन भएको/नभएको: ............
६. यस अगाडि अनुदान पाएको भए सदुपयोग भएको/नभएको: ............
७. कार्यक्षेत्र बाहिर कारोवार संचालन भएको/नभएको: ............
८. नियमानुसार कर चुक्ता भएको/नभएको: ............
९. संस्था संचालनमा आएको २ बर्ष पुरा भएको/नभएको: ............
१०. संचालक समितिको वैठक नियमित भएको/नभएको: ............
११. लेखा तथा सुपरीवेक्षण समिति सक्रिय भएको/नभएको: ............
१२. अनुदान लिन चाहने संस्थाको मुख्य कारोवार बचत तथा ऋण भएको/नभएको: ............

| रुजू गर्ने कर्मचारीको: | प्रमाणित गर्ने कार्यकारी प्रमुखको: |
|---|---|
| नामथर: | ञनामथर: |
| दस्तखत: | दस्तखत: |
| पद: | पद: |
| मिति: | मिति: |

## अनुसूची ४

(दफा १४ (२) संग सम्वधित)

## प्रस्ताव मूल्यांकनका आधार र अंकभार

| क. सं. | प्रस्ताव मूल्यांकनका आधार | पूर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|
| १. | सदस्य केन्द्रियता (उत्पादन सहकारीमा सदस्यवाट खरिद, उपभोक्ता सहकारीमा सदस्यलाई विक्री र श्रमिक सहकारीमा सदस्यलाई रोजगारी) | २० | |
| १.१ | हालको अवस्था | १० | |
| क. | १०० प्रतिशत | १० | |
| ख. | ७५ % वा बढी | ८ | |
| ग. | ५० % वा बढी | ६ | |
| घ. | २५ % वा बढी | ४ | |
| ङ. | २५ % भन्दा कम | २ | |
| १.२ | परियोजना संचालन पछिको अवस्था | १० | |
| क. | १०० प्रतिशत | १० | |
| ख. | ७५ % वा बढी | ८ | |
| ग. | ५० % वा बढी | ६ | |
| घ. | २५ % वा बढी | ४ | |
| ङ. | २५ % भन्दा कम | २ | |
| २. | परियोजनावाट सृजना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या -एक बर्षमा २०८० घण्टा) | १५ | |
| क. | ५ जना वा बढी | १५ | |
| ख. | ४ जना | १२ | |
| ग. | ३ जना | ९ | |
| घ. | २ जना | ६ | |
| ङ. | १ जना वा कम | ३ | |
| ३. | सिमान्तकृत समुदायको सहभागिता | १५ | |
| ३.१ | सदस्यमा सहभागिता | ५ | |

| | | | |
|---|---|---|---|
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ३.२ | संचालक समितिमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ३.३ | परियोजनाको लाभ लिनमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ४. | महिला सहभागिता | १५ | |
| ४.१ | सदस्यमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ४.२ | संचालक समितिमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |

| | | | |
|---|---|---|---|
| ४.३ | **परियोजनाको लाभ लिनमा सहभागिता** | ५ | |
| क. | **१०० प्रतिशत** | ५ | |
| ख. | **५१ प्रतिशत भन्दा बढी** | ४ | |
| ग. | **३३ प्रतिशत भन्दा बढी** | ३ | |
| घ. | **३३ प्रतिशत भन्दा कम** | २ | |
| ङ. | **नभएको अवस्था** | १ | |
| ५.. | **भौगोलिक अवस्था** | १० | |
| क. | **पूर्व गा.वि.स. क्षेत्र** | १० | |
| ख. | **पूर्व न.पा. क्षेत्र** | ८ | |
| ग. | **उपमहानगरपालिका क्षेत्र** | ६ | |
| घ. | **महानगरपाालिका क्षेत्र** | ४ | |
| ६. | **सिर्जनात्मकता तथा उद्यमशीलता** | २५ | |
| क. | **सामुहिक ब्यवस्थापनमा संचालन** | ५ | |
| ख. | **नयां प्रविधिको प्रयोग/नवप्रवर्तन** | ५ | |
| ग. | **मूल्यश्रृखलामा योगदान** | ५ | |
| घ. | **वतावरणीय सरोकारको संम्बोधन** | ५ | |
| ङ. | **उत्पादनको बजारीकरण (स्वदेशी तथा बैदेशिक)** | ५ | |

नोटः १. पूर्ण रोजगारी भन्नाले बर्षमा २०८० घण्टाकोकाम सम्झनु पर्दछ ।

२. वातावरणीय सरोकार भन्नाले प्राकृतिक श्रोतको संरक्षण, जैविक विविधतामा बृद्धि, स्थानीय प्रजातिको संरक्षण, प्रांगारिक खेती प्रणाली र प्रदुषण रोकथाम सम्झनु पर्दछ ।

३. उत्पादनको बैदेशिक बजारीकरण भन्नाले कुल उत्पादनको ५ प्रतिशत भन्दा बढी बिदेश निर्यातलाई सम्झनु पर्दछ ।

४. नवप्रवर्तन भन्नाले आधुनिक प्रविधिको सिर्जनात्मक प्रयोग सम्झनु पर्दछ ।

आज्ञाले

प्रकाशराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत